कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समिति

कालीमाटी, काठमाडौं

# Holding Yard/Auction Yardसंचालन कार्यविधी - २०७७

# कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समिति

कालीमाटी, काठमाडौं

## "Holding Yard/Auction Yardसञ्चालन कार्यविधी-२०७७"

**प्रस्तावनाः**

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति अन्तरगतको कालीमाटी थोक बजार क्षेत्र भित्र कृषि उपज लिइ आउने कृषक तथा व्यवसायीहरुलाई आफ्नो कृषि उपज छोटो समयको लागि वितरण प्रयोजनका लागि राख्न र प्रतिस्प्रर्धात्मक तथा पारदर्शीतवरले बिक्री वितरण वा लिलाम बिक्री गर्ने प्रयोजनको लागि समितिले निर्धारण गरेको Holding Yard/Auction Yard को सञ्चालनलाई मर्यादित र व्यवस्थित गर्न वान्छनिय भएकोले,

कालीमाटी फलफूल तथा तरकारी बजार बिकास तथा सञ्चालन नियमावली २०६० को नियम ३२ ले दिएको अधिकार प्रयोग गरि समितिले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद– १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यो कार्यविधीको नाम "Holding Yard/Auction Yard सञ्चालन कार्यविधि २०७७" रहेको छ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क)"कृषि वस्तु" भन्नाले कृषि क्षेत्रबाट उत्पादित फलफूल तथा तरकारीजस्ता ताजा वा नासावान वस्तु सम्झनु पर्दछ ।

(ख)"समिति" भन्नाले कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति सम्झनु पर्दछ ।

(घ)"बजार क्षेत्र" भन्नाले कृषि वस्तुको खरिद बिक्री, भण्डारण आदिका लागि समितिले तोकेको क्षेत्र सम्झनु पर्दछ ।

(ङ)"Holding Yard/Auction Yard" भन्नालेकृषि उपज लिई आउने कृषक तथा व्यवसायीहरुलाई आफ्नो कृषि उपज केहि समयको लागि वितरण प्रयोजनका लागि राख्न र प्रतिस्प्रधात्मक तथा पारदर्शीतवरले बिक्री वितरण वा लिलाम बिक्री गर्ने प्रयोजनको लागि समितिले तोकेको क्षेत्र सम्झनु पर्दछ ।

(च)"Holding /Auction Block" भन्नाले समितिले तोकेको Holding Yard/Auction Yard लाई खण्डिकरण गरि कायम गरिएको स्थान वा ब्लकलाई सम्झनु पर्दछ ।

(छ)"कारोबार" भन्नाले बजार क्षेत्र भित्र कृषि वस्तुको खरिद बिक्रीसँग सम्वन्धित कृयाकलापलाई सम्झनु पर्दछ ।

(ज)"व्यवसायी" भन्नाले समितिबाट इजाजत प्राप्त वा अनुमती प्राप्त व्यवसायी वा कृषक सम्झनु पर्दछ ।

(झ)"नियमावली" भन्नाले कालीमाटी फलफूल तथा तरकारी वजार विकास तथा सञ्चालन नियमावली २०६० सम्झनु पर्दछ ।

(ञ)"कर्मचारी" भन्नाले समितिले नियुक्त गरेको कर्मचारी सम्झनु पर्दछ ।

(ट)"Weighbridge" भन्नाले समितिको बजार परिसरभित्र रहेको तौल संयन्त्रलाई सम्झनु पर्दछ ।

## परिच्छेद– २

## Holding Yard/ Auction Yard सञ्चालन सम्बन्धी व्यवस्था

३. **Holding Yard/ Auction Yard को निर्धारण:** कृषक तथा व्यवसायीहरुलाई आफ्नो कृषि वस्तुहरु निर्धारित समयको सीमा भित्र रहिबिक्री वितरणगर्ने प्रयोजनको लागि देहाय अनुसारको स्थानलाई Holding Yard/ Auction Yard को रुपमा निर्धारण गरिएको छः

(क)Fish Shed Building मा साविकमा कायम रहेका २३ स्टलहरु मध्ये कार्यरत ११ जना व्यवसायीहरुलाई भवनको दायाँ तर्फको भागमा एकत्रित गरी बाकी हुन आउने भाग Holding Yard/ Auction Yard को रुपमा रहने छ ।

(ख) स्थानको उपलब्धता र उपयुक्तताको आधारमा समितिले अन्य स्टल र स्थानलाई पनि Holding Yard/ Auction Yard को रुपमा कायम गरि सञ्चालनमा लगाउन सक्ने छ ।

४. **Holding Yard/ Auction Yard को खण्डीकरण:**

(क) प्रयोगकर्ताहरुको आवश्यकता र बिक्री वितरण हुने वस्तुहरुको परिमाणको औचित्यको आधारमा समितिले Holding Yard/ Auction Yard को कूल क्षेत्रफललाई खण्डिकरण गरि Holding/ Auction Block कायम गरि प्रयोग अनुमती दिन सक्नेछ ।

(ख) साविकका वाकी रहेका १२ वटा स्टलहरु Holding/ Auction Blockको रुपमा कायम रहने छन् ।

(ग)Holding/ Auction Block को क्षेत्रफल र संख्या समितिले तोके बमोजिम हुनेछ ।

५. **Holding Yard/ Auction Yard को प्रयोग अनुमती:**

(क)Holding Yard/ Auction Yard को प्रयोग अनुमती दिदा सामान्यतः बजार क्षेत्र भित्र कृषि वस्तु लिइ आउने कृषक वा व्यवसायीलाई समितिले निर्धारण गरेको समय सीमा भित्र प्रयोग अनुमती दिइने छ ।

(ख)Holding Yard/ Auction Yard को प्रयोग अनुमती पहिले कृषिवस्तुसहितबजार प्रवेश गर्नेको आधारमा दिइने छ ।

(घ)बजार प्रवेश पूर्व नै Holding Yard/ Auction Yard अग्रिमरुपमा उपलब्ध हुने/ गराइने छैन । तर स्वयम उत्पादन गरि बितरणगर्न चाहने कृषकका लागि अग्रिम रुपमा ९ प्रतिशत स्थान सुरक्षित गर्न सकिने छ ।

(ङ)उपलब्ध भएसम्म प्रयोगकर्ता व्यवसायीले Holding / Auction Block छनौट गर्न सक्ने छ ।

(च)कार्यालयलेआवश्यक परेमा जुनसुकै समयमा पनि स्थान अनुमती खारेज गर्न सक्ने छ ।

६. <u>Holding Yard/ Auction Yard प्रयोगको छोटो समय सीमा:</u>

(१)Holding Yard/ Auction Yard को प्रयोग गर्न पाउने समय सीमा देहाय बमोजिम हुने छ ।

(क)कृषि उपज लिई आउने प्रयोगकर्तालाई १ दिनको लागि स्थान उपलब्ध गराइने छ । यस प्रयोजनका लागि १ दिन भन्नाले बेलुका ७ बजे देखि भोलीपल्टको अपरान्ह ४ बजेसम्मको समयलाई जनाउछ ।

(ख)अपरान्ह ४ बजे देखि ७ बजेसम्मHolding Yard/ Auction Yard खाली रहने छ।

(ग)अपरान्ह ४ बजेसम्म Holding Yard/ Auction Yardप्रयोगकर्ताले अनिबार्यरुपमा स्थान खाली गरि सक्नु पर्ने छ ।

(२) अनुमती प्राप्त व्यवसायी वा कृषकले आफूले प्राप्त गरेको अनुमती समय सीमा पश्चात स्थान खाली गरिदिनु पर्ने छ । स्थान खाली गर्दा सो स्थानमा रहेका सम्पूर्ण कृषि वस्तु, सामग्री र सिर्जित फोहरमैलाहरु अनिवार्य रुपमा हटाइ सफाइ गरेको अवस्थामा हुनु पर्ने छ ।

७. <u>Holding Yard/Auction Yard प्रयोग शुल्क सम्बन्धमा:</u>

(क) बजार प्रवेश गर्दाको अवस्थामा २ टन परिमाण सम्मकोआगमनमाएउटाHolding / Auction Block को लागि न्यूनतम प्रति दिन रु. ४००।- र सो भन्दा वढिको खुद परिमाणको आधारमा प्रति केजि २० पैसाका दरले शुल्क लिइ प्रयोग अनुमती दिइने छ ।

(ख)समितिको Weighbridge ले देखाइको खुद तौललाई शुल्क असुलीको आधार बनाइने छ ।

(ग)Weighbridge मा प्राविधिक समस्या आएको अवस्थामा प्याकेजको गोटा गन्ती तौल वा चलानी विल विजकलाई पनि आधार बनाई शुल्क लिईने छ ।

(घ) चलानी विल विजकलाई आधार बनाइ शुल्क असुली गरे पश्चात पनि फिल्डमा वास्तविक परिमाण बढि देखिएमा वा लागेमा सो को पूनर्याकिन गरि थप शुल्क लिन सकिने छ ।

८. <u>एक व्यवसायीलाई एक भन्दा बढि Holding / Auction Block उपलब्ध नगराउने:</u>

एक जना व्यवसायीलाई सामान्यत: एक वटा भन्दा बढि Holding / Auction Block उपलब्ध गराइने छैन ।

९. <u>कारोबारको पारदर्शिता र बजार सूचना:</u>

(क)प्रयोगकर्ताले कृषि वस्तु लिइ बजार प्रवेश गर्दा समितिको नीति निर्देशन अनुसारको ढाचाँमा आगमन परिमाण, श्रोत लगायतका सूचनाहरु वजार प्रवेश कै क्रममा उपलब्ध गराउनु पर्ने छ ।

(ख) कारोवार र वितरणको क्रममा खरिद बिक्रीको मूल्य तथा परिमाण सहितको विवरण तथाविलबिजकजारी गरी दुरुस्त राखु पर्ने छ । समिति र सम्बन्धित निकायले माग गरेको अवस्थामा तुरुन्त बुझाउनु पर्ने छ ।

(ग) बजार प्रयोगको सिलसिलामा प्रयोगकर्ताले मुल्यसुचि राखे सुचनापाटीमा आफूले बिक्री वितरण गर्ने कृषि वस्तुको मुल्य, परिमाण, जात, गुणस्तर तथा ग्रेड लगायतका सूचना देखिने गरि राखु पर्ने छ ।

## १०. प्याकेजिङ्ग गरिएकै अबस्थामा बिक्री वितरण गर्नु पर्नेः

Holding Yard/Auction Yard को प्रयोग गरि बिक्री वितरण गर्ने व्यवसायीले प्याकेज भएकै अवस्थामा बिक्री वितरण गर्नु पर्ने छ र सामान खोलेर वा टुक्र्याएर बिक्री वितरण गर्न पाइने छैन ।

## ११. Auction (लिलाम पद्धति) प्रवर्धित हुने गरि कार्य गर्नु पर्नेः

(क)Holding Yard/Auction Yard मा कृषि बस्तु बिक्री वितरण गर्दा प्रयोगकर्ताले लिलाम पद्धति (Auction System) प्रवर्द्धित हुने गरि कार्य सञ्चालन गर्नु पर्ने छ ।

(ख) यसरी कार्य सञ्चालन गर्नेलाई समितिले प्राथमिकताका साथ स्थान उपलब्ध गराउन सक्नेछ ।

## १२. Holding Yard/Auction Yard प्रयोगकर्ताको अभिलेखः

समितिले Holding Yard/Auction Yard प्रयोग गर्ने प्रयोगकर्ताहरुको अभिलेख सुची राख्न सकिनेछ ।

## १३. कम्प्यूटर सफ्टवेयर प्रयोगः

(क)Holding Yard/Auction Yard प्रयोगको सूचनालाई अध्यावधिक राख्न तथा यसवाट प्राप्त हुने शुल्क तथा जरिवानालाई व्यवस्थित गर्नका लागि समितिले छुट्टै सफ्टवेयर निर्माण गरि वा साविकका कम्प्यूटर सफ्टवेयर प्रणालीमा एकिकृत गरि कार्य सञ्चालन ल्याउन सक्नेछ ।

(ख) सफ्टवेयर प्रणाली मार्फत श्रृजितसूचना तथा विल भरपाइलाई आधिकारीक रुपमा लिइने छ ।

(ग)Holding Yard/Auction Yard प्रयोग अनुमती लिदा कम्प्यूटर सफ्टवेयर प्रणालीबाट प्रयोग अनुमती समय सीमाको जानकारी र दस्तुर प्राप्ती सहितको रसिद उपलब्ध गराईने छ ।

(घ)Holding Yard/Auction Yard प्रयोग गरिसके पछि अनिवार्य रुपमा कम्प्यूटर सफ्टवेयर प्रणालीमा प्रयोग गरेको स्थान खाली भएको जानकारी प्रविष्टि गराउनु पर्नेछ ।

## १४. समितिले कार्वाही गर्न सक्ने :

(१)देहायको अवस्थामा समितिले व्यवसायीलाई आवश्यक जरिवाना वा उक्त स्थानमा भएका सामानहरु आफ्नो नियन्त्रणमा लिइ जफत र नष्टसम्म गर्न सकिनेछ ।

(क)तोकिएको समय भन्दा बढि समय स्थान/ब्लक प्रयोग गरेमावाखालीनगरेमा

(ख)बिक्री बितरण गर्दा व्यवसायीले प्याकेज भएकै अवस्थामा बिक्री वितरण नगरी सामान खोलेर वा टुक्र्याएर बिक्री वितरण गरेमा,

(ग) गुणस्तरहिन बस्तुको कारोवार गरेमा,

(घ)बिक्री बितरण गर्दा व्यवसायीले प्याकेज भएकै अवस्थामा बिक्री वितरण नगरी सामान खोलेर वा टुक्र्याएर बिक्री वितरण गरेमा,

(ङ)अपारदर्शी कारोवार गरेमा,

(च) भौतिक पूर्वाधार वा संरचनामा कुनै पनि प्रकारको हानी नोक्सानी हुने गरि क्रियाकलाप सञ्चालन गरेमा,

(छ) समितिको निर्णय र नियमावलीमा भएको व्यवस्था पालना नगरेमा,

(२)तीन भन्दा बढि पटकसम्म उपदफा १ अनुसारको अनियमितता गर्ने व्यवसायीलाई Holding Yard/Auction Yard प्रयोग गर्नमा वर्जित गर्नुका साथै समितिले कालो सुचिमा समेत राख्न सक्नेछ ।

(३) अन्य प्रचलित कानूनको अवज्ञा गरेमा सोहि कानून वमोजिम हुनेछ ।

१५. <u>कार्यविधिमा संशोधन</u>:यस कार्यविधिमा समितिले आवश्यकतानुसार संशोधन र थपघट गर्न सक्नेछ ।

१६. <u>व्याख्या गर्ने अधिकार</u>:यस कार्यविधिको व्याख्या गर्ने अधिकार समितिमा रहनेछ ।